# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, भदौ ९ गते २०४३ साल ( संख्या २०

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

ऋण तथा जमानत ऐन, २०२५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको जमानतमा शाही नेपाल वायु सेवा निगमलाई सिटी बैंक सिंगापुरबाट मिति २०४३।३।१५ को जमानत सम्झौता अनुसार उपलब्ध गराइएको अमेरिकी डलर १३,००,०००।– (तेह्र लाख) ऋणमा श्री ५ को सरकार जमानत बसेबापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने कमिशन पूर्णरूपले छूट दिइएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

363

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

# लोक सेवा आयोगको सूचना

खण्ड ३५ मिति २०४२।५।३१, संख्या २३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचनाको क्रमसंख्या ६ को द्रष्टव्य नं. ४ अनुसार काठमाडौं उपत्यकाभित्रका कार्यालयहरूको लागि उम्मेदवारको उपयुक्तता जाँच गर्ने कार्यको लागि गठित अन्तर्वार्ता समितिको अध्यक्षता सम्बन्धित विभागीय प्रमुखले गर्ने गरी अधिकार प्रत्यायोजन भइरहेकोमा नापी विभागको हकमा विभागीय प्रमुखको सट्टामा उक्त विभागको रा.प. द्वितीय श्रेणीका तोकिएको अधिकृतले उक्त अन्तर्वार्ता समितिको अध्यक्षता गर्ने गरी अधिकार प्रत्यायोजन गर्न आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
भुवनमानसिंह प्रधान
सचिव
लोक सेवा आयोग

३५४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।